ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
सचिवज्यूको कार्यकक्ष
दर्ता नं. : 228
दर्ता मिति : ५।२२

नेपाल सरकार
ऊर्जा ...
दर्ता नं. 9962
मिति : ०७८।५।२२


नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६

फ्याक्स नं.: ४२००३२२


प्र.म. ३४५
०५।२३

पत्र संख्याः- ०७८।७९

चलानी नं.:- ७०

मितिः २०७८/०५/२०

श्री सबै निकाय ।

विषयः-JDS (2022) छात्रवृत्तिमा कर्मचारी मनोनयन गर्ने सम्वन्धमा।

तपसिल अनुसारको अध्ययन कार्यक्रममा तहाँ मन्त्रालय/निकाय वा अन्तर्गतमा कार्यरत निजामती कर्मचारी मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४० ख (३) बमोजिम गठित समितिको आगामी बैठकबाट अनुमोदन गर्ने गरी यस मन्त्रालयको मिति २०७८/०५/१८ को निर्णयबाट उक्त कार्यक्रममा उपयुक्त उम्मेद्वार मनोनयन गरी मनोनित कर्मचारीको नाम, सम्पर्क नं. र ईमेल ठेगाना आवश्यक कार्यार्थ अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनुहुन तथा मनोनयन गरिएको कर्मचारीको संकेत नं. समेत उल्लेख गरी सोको जानकारी यस मन्त्रालयमा समेत अनिवार्य रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

साथै, तालिम तथा अध्ययन कार्यक्रममा उम्मेद्वार मनोनयन गर्दा कार्यक्रमसँग असम्बन्धित व्यक्तिको मनोनयन भई सम्वन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनी निर्णय भएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

छात्रवृत्तिको मनोनयनमा सम्बन्धित सेवा, समूह र श्रेणीभित्रका समावेशी महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी समय काम गरेका आधारमा कर्मचारीहरूलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ । पुनश्चः मनोनयन गरिने कर्मचारीको योग्यता विवरण JDS बाट प्राप्त ब्रोसर तथा उक्त निकायको वेबसाइटबाट समेत प्राप्त गर्न सकिनेछ ।

तपसिलः

| क.सं. | अध्ययन/तालिम/ अध्ययन भ्रमण सेमिनारको विषय | सिट संख्या | अवधि/Deadline | अवसर प्रदान गर्ने निकाय | अध्ययन/तालिम वितरण गरिएकानिकाय/ निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|
| १. | "The Project for Human Resource Development Scholarship" PhD | 2 | Academic Year 2022/2023 / October 11th, 2021 | JDS/Japan | संबै निकायले उपयुक्त निजामती कर्मचारी मनोनयन गर्ने । |
| २ | "The Project for Human Resource Development Scholarship" Master's Program | 20 | / Academic Year 2022/2023 / October 11th, 2021 | JDS/Japan | |

☐ श्री जलस्रोत महाशाखा
☐ श्री ऊर्जा महाशाखा
☐ श्री विकास सहायता तथा प्रादेशिक समन्वय महाशाखा
☐ श्री कार्यक्रम, बजेट तथा अनुगमन महाशाखा
☐ श्री जल, मौसम तथा वातावरण महाशाखा
☐ श्री प्रशासन महाशाखा
☐ श्री कानून तथा फैसला कार्यान्वयन महाशाखा

२०७८/०५/२०
राजन थापा
(शाखा अधिकृत)

बोधार्थः श्री सूचना प्रविधि शाखा, स.मा. तथा सा.प्र.म., वेबसाइटमा अपलोड गरिदिनु हुन ।